आज मिति २०८१।०४।०६ गते आइतबारका दिन यस नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय सरमथली रसुवाको गाउँपालिकाका अध्यक्ष श्री नुर्वु स्याङबो घलेज्यूको अध्यक्षतामा ३३औं कार्यपालिकाको बैठक तपसिलका सदस्यहरूको उपस्थितमा तपसिल बमोजिमका निर्णयहरु सर्वसम्मत निर्णय गरियो।

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नुर्वु स्याङबो घले | अध्यक्ष | |
| २ | चन्द्र बहादुर ग्लान | उपाध्यक्ष | |
| ३ | कान्छा तामाङ | वडा अध्यक्ष - १ | |
| ४ | डावु ग्याल्बो थोक्रा | वडा अध्यक्ष — २ | |
| ५ | नोकेन्द्र देव तामाङ मोक्तान | वडा अध्यक्ष — ३ | |
| ६ | ज्ञानी वाईवा | वडा अध्यक्ष — ४ | |
| ७ | श्याम बहादुर थिङ | वडा अध्यक्ष — ५ | |
| ८ | यो नुर्पु तामाङ | वडा अध्यक्ष — ६ | |
| ९ | सानु कान्छी सुनार | कार्यपालिका सदस्य | |
| १० | कालि माया तामाङनि | कार्यपालिका सदस्य | |
| ११ | जोमसाङ तामाङनी | कार्यपालिका सदस्य | |
| १२ | अनिता घले | कार्यपालिका सदस्य | |
| १३ | गणेशमान घले | कार्यपालिका सदस्य | |
| १४ | सुमिना नेपाली | कार्यपालिका सदस्य | |
| १५ | नविन गिरी | सचिव | |

## निर्णयहरू

निर्णय नं १

यस गाउँपालिका अन्तर्गत कार्यरत तपसिल बमोजिमका केन्द्रहरुका सहजकर्ताहरुको आ.व. २०८१।०८२ को लागि करार म्याद थप गरी पुनः सोहि स्थानका कामकाज गर्ने गरि करार म्याद थप गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

तपसिल

| क.सं. | सामुदायिक सिकाई केन्द्रको नाम | सहजकर्ताको नाम | हाल कार्यरत कार्यालय | मासिक तलब | गा.पा.बाट थप मासिक | पोसाक खर्च वार्षिक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | भोर्ले सामुदायिक सिकाई केन्द्र | भगवती गजुरेल | ज्वालामुखी आ.वि. | दश हजार रुपैया मात्र | सात हजार रुपैया मात्र | पाँच हजार रुपैया मात्र | |
| २ | सरमथली सामुदायिक सिकाई केन्द्र | दिक्षा भट्ट | नौकुण्ड गा पा | दश हजार रुपैया मात्र | चौध हजार रुपैया मात्र | पाँच हजार रुपैया मात्र | गाउँपालिकामा दर्ता चलानीमा थप जिम्मेवारीमा कामकाज |
| ३ | गणेश भुमे सामुदायिक सिकाई केन्द्र | चेन्जेन नेकोर | नवजीवन आ.वि. | दश हजार रुपैया मात्र | सात हजाउर रुपैया मात्र | पाँच हजार रुपैया मात्र | |

निर्णय नं २

आर्थिक वर्ष २०८१।०८२ को योजना लगायत कार्यान्वयन गर्न लागत अनुमान तयार गर्दा रसुवा, नुवाकोट र काठमाडौंका जिल्ला दररेटहरु आधार मान्ने निर्णय गरियो।

निर्णय नं ३

आरुखर्क र सिम्बन्दी सामुदायिक स्वास्थ्य ईकाइमा कार्यरत कार्यालय सहयोगीहरुको पारिश्रमिक मासिक रु पन्ध्र हजार हुने गरि आ.व. २०८१।०८२ को लागि करार सम्झौता गर्ने निर्णय गरियो।

निर्णय नं ४

"कार्यसम्पादनमा आधारित कर्मचारी प्रोत्साहन भत्ता कार्यविधि, २०८१" सर्वसम्मत रुपमा पास गर्ने निर्णय गरियो।

निर्णय नं ५

गाउँपालिका र वडा कार्यालयमा कार्यरत अधिकांश कर्मचारीहरु बाहिरी जिल्लाबाट सरुवा भई जान चाहने प्रवृत्ति रहेकोले कर्मचारीहरुलाई कार्य सम्पादनमा सहजता ल्याउन गाउँपालिका र वडामा कार्यरत कर्मचारीहरुलाई आवासको लागि आवश्यक कोठा भाडामा कार्यालय स्थापना देखि नै दिदै आएको सुविधालाई निरन्तरता दिने निर्णय गरियो।

CamScanner